# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

भैडाबाज, दैलेख
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या :- ०७९/०८० ( रोजगार शाखा )
चलानी नं. :-

मिति :- ०७९/ ११/०४

**विषय:- प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी हुनको लागि इच्छुक बेरोजगारहरु बाट आबेदन फर्म भर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन निर्देशिका, २०७५ (दोस्रो संशोधन, २०७८ सहित) को दफा १८ को उपदफा (१) बमोजिम आगामी आ.ब.२०८०/०८१ मा महाबु गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माण काममा योगदान गर्ने इच्छुक सामाजिक र आर्थिक अवसरबाट बन्चित महिला, दलित, सिमान्तकृत समुदाय, विपन्न वर्ग तथा जीवनयापन जोखिममा परेका बर्गका बेरोजगार व्यक्तिहरुले आफु स्थाई बसोबास गरेको वडा कार्यालयमा प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन निर्देशिका, २०७५ (दोस्रो संशोधन २०७८ सहित) को अनुसूचि-१, बमोजिमको ढाँचामा २०७९ फागुन मसान्त सम्ममा फर्म भर्न सबैमा जानकारीको लागि अनुरोध छ ।

गंग बहादुर बुढा मगर
प्रशासन सहायक, चौथो

**तपशिल (आवश्यक कागजातहरु)**

१. अनुसुचि-१, बमोजिमको निवेदन
२. नागरिकता प्रमाण पत्रको प्रतिलिपी १ प्रति
३. हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति
४. निवेदन सहितको परिवारका सम्पूर्ण सदस्यहरुको नाम, जन्म मिति, नागरिकता नं., नागरिकता जारी मिति र जिल्ला, सर्म्पक नं. र वार्षिक पारिवारिक आय अनिवार्य उल्लेख गर्नुपर्नेछ ।
५. सम्बन्धीत वडाको स्थायी बसोवास खुल्ने आवश्यक कागजातको प्रतिलिपपि (नागरिकता, बसाई सराई, विवाह दर्ता आदि )
६. परिवारका कुनै सदस्यले सामाजिक सुरक्षा भत्ता वा अन्य सरकारी सुविधा लिए/नलिएको विवरण अनिवार्य रुपमा भर्नु पर्नेछ ।
७. निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालय बाट प्रमाणित भएको निवेदन मात्र सूचिकृत गरिनेछ ।

**नोट** :-तपशिलका आवश्यक विवरण अपूर्ण भएमा फारम स्वीकृत गरिने छैन । उमेर १८ वर्ष देखि ५९ वर्षको हुनुपर्ने साथै फर्म सम्बन्धीत वडा कार्यालय वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np बाट समेत डाउनलोड गर्न सकिनेछ , थप जानकारीका लागि वडा कार्यालय तथा रोजगार सेवा केन्द्रमा सर्म्पक गर्न सकिनेछ ।

**बोधार्थ**

श्री सूचना प्रविधि शाखा, पालिकाको वेवसाइट तथा फेसबुक पेजमा अपलोड गरिदिनुहुन ।
श्री वडा कार्यालय सबै सुचना पाटीमा टाँस गर्ने तथा सुचना सन्चार तथा समन्वय गरिदिनुहुन ।